नेपाल राष्ट्र बैंक

वीरगञ्ज कार्यालय

# सामान लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/०३)**

यस कार्यालयको देहाय बमोजिमका शीर्षक अन्तर्गतका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुबाट मिति २०८३/०३/१७ दिउँसो ०४ बजेभित्र बोलपत्र फारम खरिद गरी मिति २०८३/०३/१८ दिउँसो १२ बजे भित्र (उक्त दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| समूह | लिलाम हूने सामान | न्युनतम मुल्य (रु.) |
|---|---|---|
| **१** | **पूजीगत सम्पत्ति** | |
| क) | कम्प्युटर एण्ड एसेसरिज | ५,८००।०० |
| **२** | **अन्य विविध सम्पत्ति** | |
| क) | कम्प्युटर एण्ड एसेसरिज | १००।०० |
| ख) | फर्निचर एण्ड फिक्स्चर्स | ४,३७५।०० |
| ग) | मेशिनरी तथा उपकरण | ३८०।०० |
| घ) | कार्यालय उपकरण | ४,८५५।०० |
| ङ) | अन्य फूटकर सम्पत्ति | २७,०६५।०० |
| | **कूल न्युनतम मुल्य** | **४२,५७५।००** |
| | **अक्षरेपी रु.बयालिस पांच सय पचहत्तर मात्र** | |

नोटः कबोल अंकमा मू.अ. कर थप हुने

१. लिलाम सिलबन्दी बोलपत्र खुल्ने स्थान, समय र मितिः
   - क) स्थानः नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालय ।
   - ख) समयः दिउँसो २:०० बजे
   - ग) मितिः २०८३/०३/१८

२. बोलपत्र फाराम रु.५००।- (फिर्ता नहुने गरी) बुझाई यस बैंकको वीरगञ्ज कार्यालयबाट मिति २०८३/०३/१७ दिउँसो ०४ बजे भित्र लिन सकिनेछ । उक्त रकम यस बैंकको ना.नो.आ.हि. फुटकर हिसाब नं. १७०००००-०३०-०१२-५२४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

३. बोलपत्रका साथ कबोल गरेको रकमको दश प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको स.क्रे. हिसाब नं. १७०९९९९-०११-००४-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।

४. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापतको रकम जफत गरिनेछ ।

५. लिलाम हुने सामानहरुको विवरण तथा सोको न्यूनतम मूल्य यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । लिलाम हुने सामान हेर्न/बुझ्न चाहेमा कार्यालय समयमा कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ ।

६. लिलाममा भाग लिने ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र ईच्छुक फर्म वा कम्पनीले आफ्नो ईजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरिएको), स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. प्रत्येक समूहमा न्यूनतम मूल्यांकन लिलाम मूल्य भन्दा बढी रकम तथा कुलमा सबैभन्दा बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत गरिनेछ ।

८. बोलपत्र सम्बन्धी यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।